आज मिति २०७८ साल जेठ २२ गते शनिबारका दिन गौरादह न.पा. वडा नं ३ स्थित सामुदायिक भवनमा नगरप्रमुख श्री रोहित कुमार साहज्यूको अध्यक्ष संयोजकत्वमा बसेको सर्वपक्षीय बैठकले देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री रोहित कुमार शाह नगरप्रमुख (संयोजक)
माननीय श्री दिपक कार्की संविधान सभा सदस्य
श्री गीता भेटवाल उप-प्रमुख
श्री राजेन्द्र भट्टराई प्र.प्र.अ. गौ.न.पा
श्री मित्रदेव काफ्ले ने.क.पा. एमाले नगर अध्यक्ष
श्री यादव राज सेढाई ने.का. नगर सभापति
श्री पुष्पलाल ढकाल ने.क.पा. माओवादी केन्द्र जिल्ला सदस्य
श्री माधव भट्टराई ने.क.पा. माओवादी केन्द्र नगर सचिव
श्री नितेश्वर झा ज.स.पा
श्री जय गुरुङ रा.प्र.पा. क्षेत्र ५ को अध्यक्ष
श्री नगेन्द्र भण्डारी १ नं वडाध्यक्ष
श्री हेमन्त कार्की २ नं वडाध्यक्ष
श्री राजेन्द्र घिमिरे ३ नं वडाध्यक्ष
श्री मणिन्द्र कार्की ४ नं वडाध्यक्ष
श्री छत्रपती खुकेदी ५ नं वडाध्यक्ष
श्री खड्ग प्र. पराजुली ६ नं वडाध्यक्ष
श्री बलराम खरेल ७ नं वडाध्यक्ष
श्री श्यामराज पोखरेल ८ नं वडाध्यक्ष
श्री सिताराम भट्टराई ९ नं वडाध्यक्ष
श्री जे.बि. कार्की अध्यक्ष, गौ.उ.वा. संघ
श्री विराज कट्वाल स.प्र.नि. इलाका प्रहरी कार्यालय
श्री रमेश कुमार मेहता प्र.ना.नि. इलाका प्रहरी कार्यालय गौरादह
श्री प्रेमराम भट्टराई जनस्वास्थ्य अधिकृत
श्री गोविन्द श्रेष्ठ सि.अ.हे.व.
श्री दण्डराज घिमिरे ने.क.पा. माओवादी केन्द्र जिल्ला सदस्य
श्री सूर्यमान सिग्देल ने.का. क्षेत्रीय सदस्य

**निर्णय नं १** - नयाँ भेरियन्टको कोभिड-१९ संक्रमण रोकथाम तथा प्रतिकार्यका लागि मिति २०७८/०२/२१ गते सम्म भएका र निरन्तर भईरहने कार्यहरु र स्वास्थ्य सामाग्रीको अवस्थाको विस्तृत विवरण बैठकलाई जानकारी प्राप्त भयो ।

**निर्णय नं २**- नयाँ भेरीयन्टको कोभिड-१९ सँगसँगै Black Fungus (कालो ढुसी) जस्ता अत्यन्त संक्रामक रोगहरुवाट पनि सचेत र सावधानि अपनाउनु पर्ने र हाल नयाँ भेरियन्टको कोभिड-१९ संक्रमणको रोकथाम प्रतिकार्यका लागि गरिरहेका कार्यहरुका थप तपसिल अनुसारका कार्य थप गर्न गराउन नगरपालिकालाई सुझाव दिने निर्णय गरियो ।

क) कोभिड-१९ को संक्रमण देखी अस्पताल भर्ना भएका र प्रयोगशाला परिक्षणवाट संक्रमण मुक्त भई विरामीहरु अस्पतालवाट घर फर्केका तर केही समयमपछि पुनः केही दिनमा नै उपचारका लागि अस्पताल भर्ना भई उपचारका क्रममा मृत्यु भएमा त्यस्ता व्यक्तिका परिवारले नगरपालिकाको एम्वुलेन्स तथा शव वाहन परिचालन व्यवस्थापन समितिसँग शवलाई झापा, सुनसरी र मोरङ्ग जिल्लाका अस्पतालहरुवाट दाहासंस्कार स्थल सम्म ल्याउन शव वहानको माग गरेमा सोको व्यवस्था मिलाई दिने र शव वाहनको भाडा खर्च लाग्ने भएमा नगरपालिकाले उपलव्ध गराउने ।

ख) आइसोलेसनमा रहेका विरामीहरुलाई डाक्टरको जाँच अनुसार निमोनियाको शंका भई छातीको एक्स-रे गर्नु पर्ने अवस्था देखिएमा दमक तथा गौरादहमा रहेका अस्पताल वा प्रयोगशाला सँग सम्पर्क राखि छातीको एक्स-रे गर्ने गराउने व्यवस्था मिलाउने ।

ग) मावनजीवनलाई नै अत्यन्त जोखिम वनाउने संक्रमणहरुको रोकथाम तथा प्रतिकार्यका लागि यसका लक्षण र जोखिमवाट वचनका लागि जनचेतना मूलक कार्यक्रमहरु-माईकिङ्ग गर्ने, जनचेतना मूलक सामाग्री प्रकाशन गर्न टोल वस्तीहरु सम्म पुऱ्याउने ।

घ) वडा वडामा रहेका टोल विकास संस्थाहरुलाई परिचालन हुन आह्वान गर्ने र यस कार्यका लागि वडास्तरीय कोभिड-१९ संक्रमण रोकथाम तथा प्रतिकार्य समितिले सहजिकरण र समन्वय गर्ने गराउने ।

ङ) कोभिड-१९ को संक्रमणवाट पिडित तथा प्रभावित व्यक्ति तथा समुदायलाई विभिन्न व्यक्ति समुह तथा संस्थावाट राहत उपलब्ध गराउन चाहेमा नगरपालिकाको कार्यालय मार्फत वा नगरपालिकाको कार्यालयको स्विकृती र समन्वयमा मात्र वितरणको व्यवस्था मिलाउने ।

च) कोभिड-१९ को संक्रमण रोकथाम तथा प्रतिकार्यको लागि हाल भई रहेका निपेधाज्ञालाई पूर्ण पालन गर्न गराउन सबै नगरवासीहरुलाई आह्वान गर्ने ।

छ) निषेधाज्ञाको समयअवधिमा निश्चित समय सम्म खुल्ने वा निषेधाज्ञाको समयमा पनि खुल्न र चल्न सक्ने व्यवसायहरु संचालन गर्दा गराउँदा अप्रत्यासित मूल्य वृद्वि गर्ने, कृत्रिम अभाव सृजना गर्ने र गुणस्तरहीन सामाग्रीहरुको वेचविखन गर्ने जस्ता अवाञ्छीत कार्यहरु नगर्न नगराउन आह्ान गर्ने ।जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य अपनाएर मात्र व्यवसाय संचालन गर्न गराउन आवहान गर्ने । माथि उल्लेखित आवह्वानलाई अटेर गर्नेलाई सुरक्षा निकायले कानुनी दायरामा ल्याउने ।

ज) हाल भई रहेको निपेधाज्ञा विच व्यवसाय संचालन गर्न दिएको समय अवधि भित्र नगरपालिकाले वजार अनुगमन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ३**- गत बर्ष कोभिड-१९ संक्रमण वाट प्रभावित परिवारहरुलाई राहत दिनका लागि नगरपालिकालाई विभिन्न स्रोतवाट प्राप्त खाद्यन्न सामाग्रीहरुको विस्तृत विवरण नगर प्रमुखले बैठकलाई जानकारी गराउनु भयो ।त्यस सम्वन्धमा हाल घटित क्रियाकलापहरुका आधारमा तपसील अनुसारका सुझावहरु प्राप्त भयो ।

तपसिल

क) राहत सामाग्रीहरु प्राप्त गर्दा त्यस्ता सामाग्रीहरु पहिलो दृष्टीमा नै उपयोग वा प्रयोग योग्य छ/छैन हेरेर मात्र लिने गर्नुपर्ने ।

ख) प्राप्त सामाग्रीहरु सामाग्रीको प्रकृति अनुसार उपलब्धताको आधारमा सुरक्षित भण्डारणको व्यवस्था मिलाउनु पर्ने ।

Scanned with CamScanner

ग) प्राप्त सामाग्रीको मौज्दात, सामाग्रीको प्रकृती अनुसार- उपयोग वा प्रयोग गर्न सक्ने समय भित्रै वितरणको व्यवस्था मिलाउनु पर्ने ।

घ) काम गर्दै जादा व्यवस्थापकिय पहुच भन्दा वाहिरको अवस्था बाट त्यस्ता सामाग्रीहरु पहिलो नजरमानै प्रयोग वा उपयोग गर्न नसक्ने अवस्था मा छ भनि ठहर भएमा स्थानिय राजनीतिक दल तथा नागरीक समाजका प्रतिनिधीहरु समेत लाई जानकारि गराउने, राय परामर्श गर्ने र नियमानुसार व्यवस्थापन गर्ने गराउने ।

ङ) मुलत विपद व्यवस्थापन संग सम्वन्धित कार्य गर्दा विपदको सम्वेदनशिलताका आधारमा दैनिक, साप्ताहिक,मासिक र विपद व्यवस्थापनको चरण पार गरि सके पछि तत् सम्वन्धमा गरेका कामको जानकारी नगरवासीहरुका लागि सूचना सम्प्रेष्णको व्यवस्था मिलाउनु पर्ने ।

च) दिर्घकालिन रुपमा प्रभाव पर्ने र आम सरोकारका विषयहरुमा नीति निर्णय गर्नु भन्दा अगाडि स्थानीय राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधीहरु संग सल्लाह सुझाव लिने वातावरण बनाउँदा सबैको साथ सहयोग हुने भएकोले कार्यान्वयन सहज हुने ।

छ) काम गर्दै जादा संम्वन्धित विषय संग उठ्न सक्ने र उठेका प्रश्नहरुको समयमानै यथार्थ जानकारी दिन जवाफदेहिता जिम्मेवारी र दायित्वको आधारमा नगरपालिकाका सम्बन्धित जिम्मेवार व्यक्तिहरु सधै तयार भई रहनु पर्ने ।

**निर्णय नं ४:**कोभिड-१९ लगायतका थप अन्य स्वास्थ्यका संक्रमणको यस जटिल अवस्थामा जनस्वास्थ्यका मापदण्ड भित्र रहि नगरपालिकाको आ.व. २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम के, कस्तो र कसरी वनाउने सम्वन्धमा स्थानीय राजनीतिक दल, नागरिक समाजका प्रतिनीधि र सरोकारवालाहरुको प्रतिनिधीमुलक बैठक बसि सुझाव संकलन गर्ने गराउने ।

**निर्णय नं ५:** गौरादह नगरपालिकाको आधिकारिक फेसबुक पेज बाहेकका अनाधिकृत रुपमा नगरपालिकाको नाम र नेपाल सरकारको लोगो समेत राखि सामाजिक संजाल प्रयोग भईरहेको, अनेकन नामबाट व्यक्तिको चरित्रहत्या गर्ने तथा गौरादह नगरलाई बदनाम गर्ने गरी सामाजिक सञ्चालमा आएका सूचना प्रति यस वैठकको गम्भिर ध्यानाकर्षण भएको छ । यस्ता काम व्यवहारलाई रोक्न आवश्यक परेमा कानुनि प्रकृया अगाडि बढाउन समेत सुझाव दिने निर्णय गरियो ।

वैठकको अन्त्यमा अध्यक्षता गरिरहनु भएको नगरप्रमुखले आज प्राप्त सुझावहरुलाई नगरपालिकको सम्पत्तिको रुपमा ग्रहण गर्दै नगरपालिकाले आगामि दिनहरुमा अपनाउने प्रतिवद्धता जाहेर गर्दै अमुल्य सुझाव, सल्लाहका लागि सबै प्रति आभार व्यक्त गर्दै बैठक समापन गर्नुभयो ।

CS Scanned with CamScanner

गौरादह नगरपालिकामा गत बर्ष कोभिड १९ बाट प्रभावित व्यक्तिहरुलाई राहात वितरण गर्न प्राप्त चामलको हाल सम्मको विवरण

| क्र.स. | विवरण | ईकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्राप्त | खर्च | |
| १ | कुल प्राप्त चामल | के.जि. | १७६३६० | | |
| २ | गत बर्ष प्रभावित व्यक्तिका परिवारलाई वितरण नगर पालिका भरि | के.जि. | | १६१८३० | |
| ३ | क्वरेन्टाईनहरुका प्रयोग भएको | के.जि. | | ५२५० | |
| ४ | राहात विरण अभियान पछि वडा कार्यालय | | | | |
| क | पटक पटक गरि कर्यालय बाट दुखि आसाय र आगलागि भएका व्क्तिहरु लाई वितरन गरिएको | के.जि. | | ४२७० | |
| ख | वडा नं. १ बाट विरण भएको तर भरपाई कार्यालयमा आईनपुगेको (५६ जना लाई) | के.जि. | | ५६० | |
| ग | वड़ा नं. ५ बाट विरण भएको तर भरपाई कार्यालयमा आईनपुगेको | के.जि. | | ३९६ | |
| ६ | वडा नं. ५ मा हाल मौज्दातमा रहेको | के.जि. | | ९३३ | |
| ७ | खान काम नलाग्ने भई नष्ट गरेको | के.जि. | | ३१२१ | |
| | जम्मा | के.जि. | १७६३६० | १७६३६० | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख